MADAN BHANDARI UNIVERSITY OF SCIENCE AND TECHNOLOGY

सहकारी संस्थासित सहकार्यको लागि सूचना तथा अह्वान

यस मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, चित्लांगबाट थाहा नगरपालिका, मकवानपुरसितको सहकार्यमा यसै आर्थिक वर्ष २०८३/८४ मा **जैविक विषादी उत्पादन तथा प्रवर्द्धन कार्यक्रम** अन्तर्गत थाहा नगरपालिकाभित्र लक्षित तरकारीबालीका लागि केहि जैविक विषादीहरुको (बायोइनोकुलेन्ट) उत्पादन, परीक्षण तथा स्थानीय सहकारी र अगुवा किसानहरुलाई वितरण कार्यक्रम संचालन हुँदैछ । वैज्ञानिक अनुसन्धानलाई आर्थिक विकाससित जोड्ने यो विश्वविद्यालय नेपालकै पहिलो अनुसन्धान विश्वविद्यालय हो । यस कार्यक्रमको उद्देश्य नेपाली किसानहरुलाई रासायनिक विषादीहरुको सट्टामा जैविक विषादीहरुको प्रयोग गरी सुरक्षित खाद्यवस्तु उत्पादन गर्न मद्दत पुर्याउनु रहेको छ ।

उल्लेखित जैविक विषादी प्रयोग कार्यक्रमहरु संचालन गर्न स्थानीय सहकारी संस्थाको समेत सहभागिता अपेक्षित भएकाले योग्य तथा इच्छुक सहकारी संस्थाले सहकार्यको लागि दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । सहकार्य गर्न इच्छुक सहकारी संस्थाले निम्नानुसारको मापदण्ड पूरा गरेको हुनु पर्नेछ:

१. सहकारी ऐन २०७४ बमोजिम नेपाल सरकारमा दर्ता भै संचालनमा आएका ।

२. जैविक विषादी परीक्षण लागि थाहा नगरपालिकाभित्र आवश्यक जग्गा उपलब्ध गराउन सक्ने ।

३. जैविक विषादीहरुको दीर्घकालीन कार्यक्रमको लागि अभिरुचि भै आवश्यक लगानी समेत गर्न सक्ने ।

४. योग्य प्राविधिक जनशक्तिको व्यबस्था भएको ।

५. नियमित लेखा परीक्षण भएको र कुनै पनि कालो सूचिमा नपरेको ।

उल्लेखित मापदण्ड पूरा गरेको सहकारी संस्थाले दर्ता प्रमाणपत्र र लेखा परीक्षणको प्रतिलिपि सहित यस विश्वविद्यालयको आधिकारिक इमेल info@mbust.edu.np मा दरखास्त पठाउन सक्नु हुनेछ:

दरखास्त पुग्नु पर्ने अन्तीम मिति: २०८३ मङ्सिर ७ गते अपरान्ह ४ बजे